लहान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

लहान, सिरहा

मधेश प्रदेश, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/११/३० गते)

## स्थानीय पूर्वाधार (सार्वजनिक पोखरीहरु) सेवा र उपयोग (मत्स्यपालन) मा सेवा शुल्क संकलन ठेक्का सम्वन्धी शिलबन्दी टेण्डर आमन्त्रण सूचना ।

यस नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमको यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमको स्थानीय पूर्वाधार (सार्वजनिक पोखरीहरु) सेवा र उपयोग (मत्स्यपालन) सेवा शुल्क संकलन गर्न/गराउन ३ (तीन) वर्ष अर्थात् वि.सं. २०८१ साल बैशाख १ गते देखि २०८३ साल चैत्र मसान्तसम्मकालागि एकमुष्ठ गनी महसुलमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दी टेण्डर आमन्त्रण गरिन्छ ।

तपसिल :-

| सि.नं. | पेखरीहरुको विवरण | न्यूनतम ठेक अंक | कैफियत |
|---|---|---|---|
| ०१. | कमल पोखरी, लहान-३ | १,७५,०००।- | |
| ०२. | हरिबंश पोखरी, लहान-३ | ४,६१,०००।- | |
| ०३. | सन्यासी पोखरी, लहान-३ | १,०५,०५१।- | |
| ०४. | मंगल पोखरी, लहान-४ | ३,४०,०००।- | |
| ०५. | सिकियाही पोखरी, लहान-७ | १,६२,०००।- | |
| ०६. | साहजी पोखरी, लहान-११ | १,७०,०००।- | |
| ०७. | गम्भीरलाल पोखरी, लहान-११ | ४२,०००।- | |
| ०८. | डोमा पोखरी, लहान-११ | ५,००,०००।- | |
| ०९. | भिसा पोखरी, लहान-११ | १,०२,०००।- | |
| १०. | लवटेन पोखरी, लहान-१२ | १,५७,१७५।- | |
| ११. | चन्न डबरा पोखरी, लहान-१२ | १३,५००।- | |
| १२. | बौकाई बाँध पोखरी, लहान-१३ | ५,५५०।- | |
| १३. | घलेटोलको पोखरी, लहान-१३ | ९९,२५१।- | |
| १४. | देविन साह घर अगाडीको पोखरी, लहान-१४ | ३,५०,०००।- | |
| १५. | भोलाइ साह पोखरी, लहान-१९ | ३,००,०००।- | |
| १६. | पुरानो पोखरी, लहान-१९ | १९,००,०००।- | |
| १७. | सोमन साहु पोखरी, लहान-२० | ५,०५,०५१।- | |
| १८. | कालाबंजर टोलको पोखरी, लहान-२१ | ६,२५,०००।- | |
| १९. | पुरानो पोखरी रामटोल नजिक, लहान-२२ | ३,५६,५०५।- | |
| २०. | मुनिलाल पोखरी, लहान-२३ | ६,८०,०००।- | |
| २१. | दर्पलाल पोखरी, लहान-२३ | २,२६,०००।- | |
| २२. | हिताई पोखरी, लहान-२३ | २,३४,२२०।- | |
| २३. | महाजन पोखरी, लहान-२३ | २,३०,५००।- | |
| २४. | पूर्णि पोखरी, लहान-२३ | १,८९,७११।- | |
| २५. | अजवलाल पोखरी, लहान-२३ | १,६६,०००।- | |
| २६. | रामेश्वर साहु पोखरी, लहान-२३ | १,८१,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २७. | महिला पोखरी, लहान-२२ | १,१७,०००।- | |
| २८. | सपही डबरा पोखरी, लहान-२१ | ३०,०००।- | |

शर्तहरु :

१. टेण्डर फाराम खरिद गर्न ईच्छुक व्यक्तिले लिखित निवेदन पत्र साथ आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म वा क्रम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०८०/०८१ कालागि नविकरण भएको इजाजतपत्र, मुल्य अभिवृद्धि कर स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० (औं) दिन अर्थात् मिति २०८०/१२/२९ गतेसम्म कार्यालय समयभित्र टेण्डर फाराम दस्तुर रु. १,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उपशाखाबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको टेण्डर फाराममा उल्लेख भएका सवै विवरणहरु प्रष्ट सँग अध्ययन गरी सम्वन्धित पक्षले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर पोखरीको नाउँ र ठेगानाका साथै टेण्डरदाताको नाम र ठेगाना प्रष्ट सँग उल्लेख गरी ३१ (औं) दिन अर्थात् २०८०/१२/३० गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका टेण्डरहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लहानमा टेण्डरदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा टेण्डरदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको टेण्डर खोलिने कार्यमा वाधा पर्नेछैन ।

३. टेण्डर फारम खरिद दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

४. टेण्डर फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

५. शिलवन्दी टेण्डर फारम साथ आफुले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि., लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको वोलकवोल जमानी पत्र (कम्तीमा ७५ दिन म्याद भएका) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम टेण्डर फारम साथ नगद खामी आएमा कार्यालय जिमेवार हुनेछैन, साथै त्यस्तो टेण्डर फारमहरु अमान्य हुनेछ ।

६. शिलबन्दी टेण्डर स्वीकृत भएपछि ठेक्का अंकको अत्तिरिक्त न.पा. द्धारा संचालित दुर्गा पुजाको लागि १.५% रकम ठेक्क अंकमा जोडी कायम भएको रकम एकमुष्ठ बुझाउनु पर्नेछ ।

७. कावु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।

८. शिलबन्दी टेण्डर फारम पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको टेण्डर उपर कुनै कार्यवाही हुनेछैन ।

९. प्राप्त टेण्डरहरु कुनै पनि कारण जनाई वा निजलाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बारुणयन्त्रलाई आवश्यक परेको बेला जुनसुकै बखत पनि पोखरीवाट पानी लिन सक्नेछ त्यसमा ठेकेदारले रोक्न पाईने छैन ।

११. माछा पालनको व्यवस्था र पालिएको माछाको सुरक्षा समेत ठेकेदार आफैले गर्नु पर्नेछ ।

१२. ठेक्का अवधिमा पोखरीको प्राकृति सौन्दर्य विग्रिने गरी डिल आदि विगार्न भत्काउन पाईने छैन ।

१३. प्राकृतिक विपद् वाहेक अन्य कुनै कारणवश भौतिक संरचनामा भएको क्षतिको जिम्मेवारी ठेकेदारले लिनुपर्नेछ ।

१४. टेण्डर सम्बन्धी केही थप कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयको आन्तरिक राजश्व उप शाखामा सर्म्पक राखी बुझ्न सकिनेछ ।

.............................

प्रमुख प्रशासकिय अधिकृत